म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ४६ २०८० पुस १८ गते बुधबार 3 January 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## हेटौँडामा राजमार्ग विस्तार रोक्न माग गर्ने रिट सर्वोच्चद्वारा खारेज



समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा बजार क्षेत्रका घरधनीले राजमार्ग विस्तार रोक्न माग गर्दै सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदन खारेज भएको छ । न्यायाधीश शारङ्गा सुवेदी र सुशील कुमार पोखरेलको संयुक्त इजलासले रिट निवेदन खारेज गर्ने निर्णय गरेको हो । रिट निवेदकले विपक्षीको रुपमा डिभिजन हेटौँडा र जिल्ला प्रशासन कार्यालय मकवानपुर बनाएका थिए ।

सडक विस्तारको कार्य प्रभावित हुने गरी सर्वोच्चमा परेको रिट निवेदन खारेज भएसँगै हेटौँडा बजारको सडक विस्तार हुने अपेक्षासहित सामाजिक सञ्जालमा अधिकांशले सकारात्मक टिप्पणी गरेका छन् । सडक विस्तारसँगै बजार विस्तार हुने र हेटौँडाको सामग्र विकासमा सकारात्मक प्रभाव पर्ने अपेक्षासहित सामाजिक सञ्जालमा सकारात्मक टिप्पणी भइरहेको छ ।

यता जग्गाधनी पुर्जा भएर पनि सरकारले मुआब्जा बिना नै सडक विस्तार गर्न खोजेको भन्दै घरधनीहरु सडक विस्तारको विरोध गर्दै आएका छन् । लामो समयदेखि सडक विस्तारको विषय विवादित बन्दै गर्दा यसबीचमा राजनीतिक खिचातानी जारी छ । जनप्रतिनिधिदेखि राजनीतिक दलका नेता, कार्यकर्ता सडक विस्तारको मुद्दालाई आफू अनुकुल ठिक-बेठिकको तर्क गर्ने गरेका छन् । केही समययता मकवानपुर उद्योग वाणिज्य संघ र हेटौँडा उपमहानगरपालिकाबीच सडक विस्तारकै विषयलाई नै लिएर दूरी बढ्दो छ ।

## बलात्कार अभियोग लागेका लामाविरुद्ध ९ दिनको म्याद थप

समाज संवाददाता

हेटौंडाः बलात्कार अभियोगमा पक्राउ परेका हेटौंडा-१३, वनस्पतिका २५ वर्षीय रोशन लामालाई प्रहरीले म्याद थपेर अनुसन्धान थालेको छ । आइतबार लामाविरुद्ध ९ दिनको म्याद थप गरेर अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले बताउनुभयो ।

बलात्कारपीडित एक युवतीले पुस १० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकोमा सोही दिन पक्राउ परेका लामाविरुद्ध १५ गतेसम्म म्याद राखेर अनुसन्धान थालेको थियो । गएको पुस ६ गते बिहान ४ बजेको समयमा २२ वर्षीया युवतीको घरमै पुगेर स्थानीय लामाले बलात्कार गरेको र कसैलाई भन्यो भने राम्रो हुनेछैन भनी धम्क्याएपछि पीडित युवतीले सोही दिन बिहान ७ बजे विष सेवन गरेको बताएकी छिन् ।

विष सेवन गरेकी युवतीलाई हेटौंडा अस्पतालमा उपचारका लागि लगिएको र थप उपचारका लागि भरतपुरस्थित पुरानो मेडिकल कलेज लगिएको थियो । उपचारपछि आफ्नी आमालाई घटनाबारे जानकारी गराएपछि जाहेरी दिएकी थिइन् ।

**समृद्ध समाज**
**राष्ट्रिय दैनिक**

www.samriddhasamaj.com

### बालकुमारी घटनामा रास्वपाको ध्यानाकर्षण

## १५ हजार हस्ताक्षर बुझायो



*बालकुमारी घटनालाई लिएर ध्यानाकर्षणपत्र र संकलित हस्ताक्षर मकवानपुरका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री कार्यालयमा पठाउँदै ।*

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जिल्ला प्रशासन कार्यालय मकवानपुरमार्फत ललितपुरको बालकुमारी घटनाको सन्दर्भमा प्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएको छ । मंगलबार रास्वपाका नेता, कार्यकर्ताले जिल्ला प्रशासन कार्यालय मकवानपुरमार्फत प्रधानमन्त्री कार्यालयलाई ध्यानाकर्षण गराएको हो ।

गत शुक्रबार ललितपुर जिल्लाको बालकुमारीमा भएको घटनामा २ युवाको मृत्यु भएको भन्दै रास्वपा बागमती प्रदेश समितिले प्रशासन कार्यालय मकवानपुर मार्फत् प्रधानमन्त्रीलाई गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सरकारले देशमा रोजगारीको अवसर सिर्जना गर्न नसकेर नेपाली जनताले अरुको देशमा खुन, पसिना बगाई परिवार पाल्न खेज्दा, देशमा रकम भित्र्याउन लाग्दा पनि सामान्य घटनामा गोली चलाई युवाको ज्यान लिएको भन्दै रास्वपाले दुख व्यक्त गरेको छ ।

"सरकार जनताको अभिभावक हुनुपर्ने, जनताको संरक्षण गर्नुपर्नेमा उल्टै नागरिक माथि तातो गोली प्रहार गर्ने कार्यप्रति हामी घोर भर्त्सना गर्दछौं", ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ । रास्वपाले घटनामा संलग्न हुने सबैलाई कडा भन्दा कडा कारबाही गनुपर्ने माग गरेको छ । गृहमन्त्रीले नैतिकताको आधारमा राजिनामा दिनुपर्ने माग गर्दै रास्वपाले १५ हजार नागरिकको हस्ताक्षर संकलन गरेर मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई मार्फत् प्रधानमन्त्री कार्यालयलाई बुझाएको छ ।

## किशोरीलाई ब्ल्याकमेल गरी यौनशोषण गर्ने युवा अझै फरार

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-१ मा एक युवतीको नग्न तस्वीर खिचेर ब्ल्याकमेल गरी निरन्तर यौनशोषण गर्ने सोही ठाउँका २४ वर्षीय युवा अझै फरार छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले उनको खोजी कार्य भइरहेको बताउनुभयो ।

पीडित किशोरीले गएको बुधबार जिल्ला प्रहरी कार्यालय मकवानपुरमा जाहेरी दर्ता गरेकी थिइन् । तर युवा अझै पक्राउ पर्न सकेका छैनन् । युवकले ब्ल्याकमेल गरी यौनशोषण गरेको पीडितको आरोप छ ।

९ कक्षा पढ्दादेखि नै चिनेको युवकले गत बैशाखमा किशोरीको कोठामै गएर नग्न तस्वीर खिचेर ब्ल्याकमेल गर्न सुरु गरेको पीडितले प्रहरीमा दर्ता गरेको जाहेरीमा उल्लेख छ । ती युवकले किशोरीको फेसबुक आइडीसमेत लिएर किशोरीको नग्न तस्वीर राखेर यौनकर्मीको रुपमा प्रचारसमेत गरिदिएको पीडितको आरोप छ ।

## पारिजातपथमा कालोपत्रे गर्न सुरु



*मंगलबार बिहान हेटौँडा-४, शितलमहलचोकबाट पारिजातपथमा कालोपत्रे गर्न सुरु गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः सडक मर्मतका लागि ठेक्का सम्झौता भएर पनि २ वर्षदेखि काम सम्पन्न हुन नसकेको हेटौँडा-४, पारिजातपथमा कालोपत्रे गर्न सुरु भएको छ । मंगलबार शितलमहल चोकबाट उत्तरतर्फ कालोपत्रे गर्न सुरु गरिएको छ । स्थानीयले विरोध गरेर बाटो नै बन्द गरेपछि जनप्रतिनिधि र व्यवसायीले सडक मर्मतको काममा तदारुकता देखाएको थियो ।

सडक मर्मत गर्न सुरु गरेको निर्माण कम्पनिले उल्टै सडकमा खाल्डो मात्रै बनाएर मर्मतको काम नियमित नगरेको भन्दै स्थानीयले गत बुधबार बाटो नै छेकेका थिए । स्थानीयले विरोध गरेलगत्तै मर्मतको काम सुचारु भएको थियो । सडक मर्मतको कार्य सुचारु गरेको एक सातामै कालोपत्रे सुरु भएको हो । खाल्डाखुल्डी मर्मत गरेर पुरानो सडकमा ४ सेन्टिमिटर मोटाइको आसफाल्ट कालोपत्रे गर्न सुरु गरिएको हो । केही दिनमै मर्मतको काम सम्पन्न हुने वडा अध्यक्ष नवीन सिग्देलले जानकारी दिनुभएको छ ।

पारिजातपथको कभर्डहल चोकदेखि दक्षिणतर्फ शितलमहलचोकसम्म र पारिजातपथदेखि पश्चिमतर्फ नन्दस्थानरोड कालोपत्रे गरिने वडा अध्यक्ष सिग्देलले बताउनुभएको छ । यस्तै स्कूलरोडमा पनि आसफाल्ट ओभर-ले गरिनेछ । पारिजातपथकै ओम्याक्स सिनेमा अगाडिका खाल्डाखुल्डी पनि मर्मत गरिने वडा अध्यक्ष सिग्देलले जानकारी दिनुभएको छ ।

**हार्दिक बधाई**



जेसी विकेशलाल श्रेष्ठ




जेसीआई हेटौँडाको वर्ष २०२४ का लागि निर्वाचित अध्यक्ष, कार्यकारी उपाध्यक्ष र उपाध्यक्षहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

जेसीआई सिनेटर लिसेन बस्नेत
अध्यक्ष, जेसीआई हेटौँडा वर्ष २०२१
हालः लिजवर्ग, भर्जिनिया, अमेरिका

# मुक्तक



**बिबिसा रुम्बा**

१
यहि जीन्दगी बाच्नुँनै बेकार लाग्छ कहिलेकांही
सपनाहरु धेरै साँच्नुनै बेकार लाग्छ कहीलेकांही
खै समय खराब होकी भाग्य तेस्तो बुझ्नै सकिन
मानव जीवन जाँच्नुनै बेकार लाग्छ कहीलेकांही

२
विगतका दिनहरु सजिलै सुल्झाउन सकिन
आँखामा झरी बाहेक अरु रुझाउन सकिन
दोषि समयलाई ठान्नु या आृनै विचारलाई
गुम्सेका पिडाहरुलाई मनले बुझाउन सकिन

३
आमा कति बोक्नुहुन्छ, हजुरले मरीमेट्टी भारी
आज दुःख,भोली खुसीको प्रतिक्षा राखेर जारी
आृनो सन्तानको लक्ष्यहरु पुरा गर्नको निम्ती
आफूभित्रको इच्छा चाहानाहरुलाई मनमै मारी

४
साथी तिमी कहिल्यै नरुनु है मेरो आँखाबाट आँशु झरेपनि
खुसीमय जीवन रहिरहनु म बाध्यता र परिस्थितिमा परेपनि
नविर्सनु है कहिल्यै जीवनको खुट्कीलासंगै हिड्ने साथीलाई
संधै मित्र भनि सम्झिराख्नु समयको नतिजा कालले म मरेपनि

*मकवानपुरगढी*

# भूतिया खेलौना



**दियश भट्ट**

एकादेशमा एउटा देश थियो । त्यो देशको नाम चीन थियो । चीनमा एउटा शहर थियो । त्यो शहरमा धेरै खेलौनाहरु पाउँथ्यो । एकदिन त्यस शहरमा एउटा मान्छेले खेलौना किन्यो । त्यो खेलौना एउटा डरलाग्दो जोकर थियो । त्यो जोकरले सधैं खेलौना किनेको मान्छेको छोरालाई डराउँथ्यो । त्यस मान्छेको छोराले बाबालाई भन्यो । त्यसपछि एकदिन छोराको बाबा र अरुपनि मान्छेहरु मिलेर त्यो खेलौनालाई बसोबास गर्ने ठाउँ भन्दा टाढा खोलामा फ्याँकी दिए ।

सन्देश: हामीहरुले जेपायो त्यहि खेलौना किन्नु हुँदैन ।

*कक्षा-१, नवोदय शिशु सदन, हेटौंडा-४*

# म नेपाली



**दिपिका बिडारी**

नेपाली हुँ म त
नेपाल नै मनपर्छ
नेपालको झण्डालाई
सम्मान गर्न मनपर्छ

जान्छु म त नेपालको झण्डा किन्न
नेपालको झण्डालाई कुल्चिन, झुक्न दिन्न
नेपाली हुँ नेपाली, जेमा पनि सिपाली
नेपालका लागि बस्छु मुटु नै झिकाली

मेरो नेपाल देश, आफ्नो राम्रो भेष
नेपाली हुँ नेपाली, जेमा पनि सिपाली
नेपाली हुँ म त सम्मान गर्न जान्छु
देशका लागि लडछु, मर्नै परे मर्छु ।

*कक्षा-७, अमर मावि, हेटौंडा-१*

# बाबा



**अनुश्रीया अधिकारी**

मैले संसार देख्नु अघि संसार सजाउने
मेरा हरेक हाँसोमा आफैं हराउने
ताते ताते गर्दै मलाई हिँड्न सिकाउने
सही गलत के हो भनी चिन्न सिकाउने ।।

जिन्दगीको हरेक क्षणमा मान्दैनौ कहिले हार
जस्तो परिस्थिति आए पनि हुन्छौ सधैं तयार
मलाई अघि बढ्न सधैं दिने गर्छौ हौसला
अर्को जुनीमा तिमीलाई भेटौंला कि नभेटौंला ।।

बाबा तिम्रो हरेक दु:ख मेट्न चाहन्छु
तिम्रा हरेक हाँसोमा दु:ख सेक्न चाहन्छु
बाबा तिम्रो मिहिनेतको सधैं कदर गर्न सकूँ
मेरा हरेक प्रगतिमा तिम्रा दु:ख फेर्न सकूँ ।।

पिपल जस्तै दिएका छौ शीतल माया
तिमी मेरो प्रेरणाको ठूलो छायाँ
मेरा निम्ति बिर्सेका छौ दिन र रात
तिमी मेरो जीवनको दाहिने हात ।।

*कक्षा-१०, जीएस निकेतन मावि, हेटौंडा-५*

# मेरो सपनाको उडान



**शिशिका बानियाँ**

आमा-बुबाको आशा पूरा गर्न
आफ्नो भविष्य आफैं कोर्न
कठिनाईको महासागर तर्छु
आफ्नो सपनाको उडान भर्छु ।।

सगरमाथा शिखरमा पुग्छु
सफलताले आकाश चुम्छु
आफ्नो पङ्ख फिँजाएर
आफ्नो सपनाको उडान भर्छु ।।

समाजको चार घेराभित्र
असफलतालाई बनाउँ दिन मित्र
स्वतन्त्रताका निम्ति आफैं लड्छु
आफ्नो सपनाको उडान भर्छु ।।

सुखसयल जीवनलाई त्यागी
मिहिनेतको पथमा लागी
कठिन यात्रा पूरा गर्छु
आफ्नो सपनाको उडान भर्छु ।।

*कक्षा-१०, जीएस निकेतन मावि, हेटौंडा-५*

# राम्रो मान्छे बनौं



**मृदुषा ढकाल**

ए नानी बाबु
सुन एउटा कुरा
सबैलाई सहयोग गर
र राम्रो मान्छे बन

सबैलाई माया गर
नगर हेला
सानालाई माया गर
ठुलालाई आदर

रिसाउनु हुँदैन
तिमीलाई पर्छ हानी
बरु सबैलाई माया गर्ने
बसाउनु है बानी

आज त छौ सानु सानु
भोलि ठुलो हुनेछौ
राम्रो मान्छे बनेर
देशको मुहार फेर्नेछौं

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल हेटौंडा-२*

# आमा



**सुमी थिङ**

नौ नौ महिना कोखमा राखी आमाले जन्म दिन्छिन् । सन्तानको मायाका लागि मर्छिन् । संसारमा आमाले सन्तानलाई भन्दा बढी माया अरु कसैलाई गरेकी हुँदैन । जब नौ महिना गर्भमा राख्दा कति पीडा हुन्छ होला । सन्तान जन्मिएपछि हुर्काउन, बढाउन र पढाउन हुन्थ्यो होला । यति मात्रै गरेर पनि हुँदैन । सन्तानको इच्छा पुरा गर्नु पर्छ । यति दुख गरी-गरी हुर्काउनु पर्छ आमाले । त्यहि आमा बुढेसकालको साहारामा हेला गर्ने कस्तो निस्ठुरी सन्तान हुन्छ । कोहि भने यस्तो हुन्छ आमालाई माया गर्ने दुख बुझिदिने । तर अरुको हेला गर्ने सन्तान देख्दा कोहिलाई त सन्तान पनि जन्माउन मन लाग्दैन होला ।


आमा दुर्गाको रुप हो । सन्तानलाई गाह्रो पर्दा त्यहि आमाले सजिलोमा बदली दिन्छिन् । माया के हो भन्ने आजसम्म मैले आमाबाट सिकेको छु । मेरो आमा पनि यस्तै हुनुहुन्छ । म बिरामी हुँदा रातभर पानीपट्टी गरेर बस्नु हुन्छ । म मेरो आमालाई कहिले पनि एक्लो पार्दिन र एक्लो महसुस हुन दिदिन ।

आमाले ताते ताते गरेर पाइला चाल्न र तोते बोली बोल्न सिकाउँछिन् । आफु भोक भोकै बसेर पहिला हामीलाई खाना खुवाउँछिन् । हामीले खाएपछि मात्र आमाले खाने गर्छिन् । यो हरेक आमाको बानी हो । मेरो आमाको पनि यस्तै बानी छ । कृपया म सबैलाई यो भन्न चाहान्छु कि कसैले पनि आफ्नो आमालाई हेला नगरुन् र आफ्नो आमालाई माया र खुसी पार्ने कोसिस गरौं ।

*कक्षा-७, अमर मावि, हेटौंडा-१*

तपाईका साहित्यिक रचनाहरू
समृद्ध समाज दैनिकमा
प्रकाशन गर्ने ईच्छा भए
sambridhasamaj@gmail.com
समृद्ध समाज
राष्ट्रिय दैनिक

# चित्रकला






समीर घतानी
कक्षा-९, निर्मल मावि, हेटौंडा-१९





लासाङ लामा
कक्षा-५, कालिका आधार भूत विद्यालय, हेटौंडा-१९ बाँसघारी





रचना थिङ
कक्षा-५, कालिका आधारभूत विद्यालय, हेटौंडा-१९, बाँसघारी






सोफिया सापकोटा
कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२

# मकवानपुरगढीमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकामा पालिकास्तरीय रनिङ शिल्ड प्रतियोगिता सुरु भएको। मंलबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले गनुभएको हो।

प्रतियोगितामा पालिकाको १० वटा विद्यालयबाट करिब ३ सय जना विद्यार्थीहरुको सहभागिता रहेको बंशगोपाल माध्यमिक विद्यालयका शिक्षक विष्णुमान श्रेष्ठले जानकारी दिनुभएको छ। प्रतियोगिता आयोजनाका लागि पालिकाले खेलकुद विकास समितिलाई ३ लाख ५० हजार रुपैयाँ दिएको श्रेष्ठले बताउनुभयो।

प्रतियोगिता एथ्लेटिक्सतर्फको २ वटा खेल र पुरुष भलिबलको क्वाटरफाइनल सम्पन्न भएको उहाँले बताउनुभयो। आज बुधबारसम्म सञ्चालन हुने प्रतियोगितामा सहभागी भएका प्रत्येक विद्यालयलाई १० हजार रुपैयाँ प्रदान गरिएको छ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले क्रमशः स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्नेछन्। पालिकास्तरीय प्रतियोगितामा सहभागी भएका खेलाडीहरु जिल्लास्तरीय हुँदै प्रदेशस्तरीय प्रतियोगितामा सहभागी जनाउन पाउनेछन्। प्रतियोगिताको उद्घाटनमा पालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान, उपाध्यक्ष मानकुमारी नेपाली र खेलकुद विकास समिति अध्यक्ष हीराबहादुर स्याङ्तानको उपस्थिति थियो।

# मनहरीको राष्ट्रपति रनिङ शिल्ड बाल जीवनज्योतिले जित्यो

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा भएको पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि बाल जीवनज्योति माध्यमिक विद्यालयले जितेको छ। बुधबार सम्पन्न भएको प्रतियोगितामा ९ वटा स्वर्ण पदक प्राप्त गर्दै उपाधि जित्न सफल भएको हो।

प्रतियोगितामा राष्ट्रिय मावि सुनाचुरी द्वितीय भएको छ। विद्यालयले ५ स्वर्ण पदक प्राप्त गरेको हो। यस्तै, युवावर्ष आधारभूत विद्यालय पनि ५ स्वर्णसहित तृतीय भएको छ।

प्रतियोगितामा पुरुष कबड्डीमा राष्ट्रिय रोटरी मावि प्रथम र राष्ट्रिय मावि सुनाचुरी द्वितीय भएका छन्। महिलातर्फको कबड्डीमा बाल जीवनज्योति मावि प्रथम र पशुपतिनाथ मावि द्वितीय भएका छन्। पुरुष भलिबल प्रतियोगितामा महेन्द्रज्योति माध्यमिक विद्यालय प्रथम र राष्ट्रिय रोटरी माध्यमिक विद्यालय द्वितीय भएको छ। महिलातर्फको भलिबल प्रतियोगितामा युनाइटेड बोर्डिङ प्रथम र महेन्द्र किरण माध्यमिक विद्यालय द्वितीय भएको छ।

प्रतियोगितामा १२ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयबाट २ हजार भन्दा बढी विद्यार्थीहरुको सहभागिता रहेको थियो। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन्। पालिकास्तरीय प्रतियोगितामा छनौट भएको प्रतियोगीहरु जिल्लास्तरीय हुँदै प्रदेशस्तरीय प्रतियोगितामा सहभागी जनाउन पाउनेछन्। प्रतियोगिता आयोजनाका लागि पालिकाबाट करिब ४ लाख रुपैयाँ प्राप्त भएको थियो। पालिका खेलकुद विकास समितिका अध्यक्ष वीरु लामाको सभाध्यक्ष तथा पालिकाका उपाध्यक्ष सीता पुलामी मगरको प्रमुख आतिथ्यमा पुरस्कार वितरण भएको थियो। पुरस्कार वितरण कार्यक्रममा पालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख प्रदिप पराजुलीको पनि उपस्थिति रहेको थियो।

# अटिजमसम्बन्धी छलफल सम्पन्न

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश स्वास्थ्य मन्त्रालयको आयोजनामा अटिजमसम्बन्धी छलफल भएको छ। मंगलबार मन्त्रालयको आयोजनामा विभिन्न संस्था, अटिजम भएका बालबालिकाका अभिभावक, सरोकारवाला निकायको उपस्थितिमा छलफल भएको हो।

छलफल कार्यक्रममा स्वास्थ्य मन्त्रालयको महाशाखा प्रमुख खगेश्वर गेलालले नेपालमा एक सय जनामध्ये एक जनामा अटिजम देखिएको जानकारी गराउनुभयो। हाल नेपालमा करिब ३ लाख बालबालिकामा अटिजम देखिएको उहाँले बताउनुभयो। पछिल्लो समयमा अटिजमको समस्या बढ्दै गएकाले अटिजमको अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा प्रदेशको विद्यामान अवस्थाबारेमा जानकारी लिन छलफल आयोजना गरेको उहाँको भनाइ छ।

प्रदेशभित्र अटिजमको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरुको नक्साङ्कन गर्ने र स्वास्थ्य क्षेत्रले अटिजमसम्बन्धी गर्नसक्ने कार्यक्रमको कार्ययोजना तयार गर्ने उद्देश्यसहित छलफलको आयोजना गरिएको महाशाखा प्रमुख गेलालले जानकारी दिनुभयो। देशभर ६ वटा प्रदेशमा अटिजमको क्षेत्रमा काम गर्ने संस्था रहेको जानकारी गराउँदै बाँकी एक प्रदेशमा पनि अटिजमसम्बन्धी कार्य गर्ने संस्था पुऱ्याउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा अटिजम भएका बालबालिकाका अभिभावक भीमकुमारी चौलागाईले हेटौंडा अस्पतालमा उपचार गराउन समस्या भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'हेटौंडा अस्पतालमा चेक गर्ने डाक्टरले भिडियो एक्सरे गर्न २ पटकसम्म लेखदिनुभयो, तर म २ पटक नै भिडियो एक्सरे नगरी फर्किएँ।' अटिजमको समस्या भएका बालबालिकाको लागि सामान्य मानिसको तुलनामा जनशक्ति बढी आवश्यक पर्ने हुनाले अस्पतालमा त्यस खालका समस्या परेका मानिसका लागि उचित व्यवस्थापन हुनुपर्ने उहाँको भनाइ छ।

छलफलको क्रममा अटिजम भएका बालबालिकाका अभिभावकको लागि तालिमको व्यवस्था हुनुपर्ने, अटिजम भएका बालबालिका नैसर्गिक अधिकारबाट वञ्चित हुन नहुनेजस्ता विषयमा छलफल भएको छ। अटिजम रोग नभई समस्या भएकाले घर, विद्यालय, समुदाय, स्वास्थ्य संस्था, महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका, विद्यालय नर्स, शिक्षक र अन्य स्वास्थ्यकर्मीहरुलाई जनचेतना अभिवृद्धि गर्नुपर्ने विषयमा छलफल भएको थियो।

कार्यक्रममा बालरोग बिशेषज्ञ डा. रामप्रसाद पोखरेलले अटिजम हेर्दा नदेखिने सामान्य लाग्ने र समस्या जटिल हुने बताउनुभयो। अटिजम वंशाणुगत, वातावरण, संक्रमणजस्ता विभिन्न कारणले हुने उहाँले बताउनुभयो। विश्व स्वास्थ्य संगठनले अटिजमलाई सन् २०१२ मा एक समस्याको रुपमा पहिचान गरेको उहाँले बताउनुभयो।

देशमा अटिजमको जनचेतना कमी, अभिभावक, शिक्षक तथा स्वास्थ्यकर्मीहरुमा अटिजम पहिचान गर्ने क्षमता नहुनु, अटिजमसम्बन्धी स्वास्थ्य सेवा कमीजस्ता समस्या आइपरेको डा. पोखरेलले बताउनुभयो। स्वास्थ्य मन्त्रालयले अटिजमसम्बन्धी विभिन्न कार्यक्रम राखेको र अटिजम भएका अभिभावक एक जनालाई रोजगारीको लागि सहजीकरण गर्ने नीति लिएको छ।

# एक हप्तामा डाक्टर पठाउने तयारी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३ स्थित पदमपोखरी आधारभूत अस्पतालमा एक हप्ताभित्रमा एमबीबीएस डाक्टर पठाउने तयारी भइरहेको छ। हेटौंडा उपमहानगर पालिकाले लिएको लिखित परीक्षामा उत्तीर्ण हुनुभएका डा. निशान अर्याललाई एक हप्ताभित्र अस्पताल पठाउने तयारी भइरहेको उपमहानगरपालिकाका उपनिर्देशक गोपाल पोखरेलले जानकारी दिनुभयो।

पोखरेलका अनुसार डाक्टर पठाउने प्रक्रिया अन्तिम चरणमा रहेको छ। उपमहानगरपालिकाले नगर अस्पतालका लागि मेडिकल अधिकृत नियुक्त गर्न लिएको लिखित परीक्षामा डा. अर्याल उत्तीर्ण हुनुभएको थियो। उपमहानगर पालिकाले दुईजना मेडिकल अधिकृत नियुक्तिका लागि सूचना प्रकाशन गर्दा दुई जनाको आवेदन परेको थियो।

बागमती प्रदेश सरकारको दरबन्दीमा उपमहानगरपालिकाले मेडिकल अधिकृत नियुक्तिको प्रक्रिया थालनी गरेको हो। यसअघि संघीय सरकारको दरबन्दीमा एकजना मेडिकल अधिकृत डा. कमलराज न्यौपानेले हेटौंडा-१६ स्थित हटिया अस्पतालमा सेवा सुरु गरिसक्नु भएको छ।

पदमपोखरी आधारभूत अस्पतालका सिनियर अहेव शेरबहादुर ब्लोनका अनुसार व्यवस्थापन समितिले अस्पतालमा आउने डाक्टरले जनशक्तिको सदुपयोग गर्ने र अस्पतालमा सेवा सुविधा थप गर्ने अपेक्षा राखेको छ।

अस्पतालमा अहिले एक जना इन्चार्ज, प्यारामेट्रिक, नर्सिङ स्टाफ, प्रयोगशाला सहायक र कार्यालय सहायकले सेवा प्रदान गरिरहेका छन्। आधारभूत अस्पतालमा दैनिक २० देखि २५ जना उपचार गर्न आउने गरेका छन्। अस्पतालले सामान्य जाँचका साथ परिवार नियोजन, गर्भवती परीक्षण तथा गर्भवतीलाई पोषण कोसेली वितरण, खोपसेवालगायत सेवा प्रदान गर्दै आएको छ। आधारभूत अस्पताल भएपछि जन्म केन्द्र सञ्चालनमा ल्याउने योजना रहेको ब्लोनले बताउनुभयो।

# २ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः दोलखा र सिन्धुली जिल्लामा एकैदिन २ जना मृत फेला परेका छन्। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारीअनुसार दोलखा जिल्लाको शैलुङ गाउँपालिका-५, काटाकुटीमा एकजना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा शैलुङ गाउँपालिका-४ मागापौवाका १८ वर्षीय भिष्म भण्डारी रहेको प्रहरीले जानकारी दिएको छ।

सोमबार एक विद्यालय नजिक बाटोबाट १ सय मिटर तल भिरमा पुरुष मृत अवस्थामा रहेको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटी गई हेर्दा भण्डारीको टाउको पछाडिको भागमा चोट रहेको र बायाँ हातको हत्केला नभएको अवस्थामा फेला परेका थिए। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि पशुपति चौलागाई स्मृति अस्पताल चरिकोट लगिएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-५, आहालेमा एकजना महिला मृत फेला परेकी छन्। मृत फेला पर्नेमा ३८ वर्षीया सावित्री तोलाङ्गे रहेको प्रहरीले जानकारी दिएको छ। तोलाङ्गे सोमबार दिउँसो १ बजेको समयमा घरमा कसैलाई जानकारी नगराई निस्केकी सावित्री बेलुकासम्म घर नफर्केपछि खोजी गर्दै जाँदा स्थानीयको गोठमा मृत अवस्थामा फेला परेकी थिईन्। लामो समयदेखि छारे रोगको विरामी रहेको र औषधी सेवन नगरेको अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ।

# लघुवित्त पीडितले जलाए कालोसूची



समाज संवाददाता

हेटौंडाः लघुवित्त वित्तीय संस्थाविरुद्धको संघर्ष समितिले कालोसूची जलाएको छ। मंगलबार संघर्ष समिति बागमती प्रदेशले लघुवित्त वित्तीय संस्थाले शोषण गरेको भन्दै कालोसूची तथा ऋणको पत्र जलाएको हो।

संस्थाले गरिब जनताहरुलाई सस्तो ब्जाजमा ऋण दिने नाममा चर्को ब्याज लिन गरेकाले विरोध प्रदर्शनीमा उत्रिएको प्रदेश संयोजक क्षेत्री मोक्तानले जानकारी दिनुभएको छ। नेपाली जनताहरुसँग पैसा लुटेर धनी भइरहेका कारणले आर्थिक मन्दी आउने गरेको बताउनुहुँदै संस्थाले गरेको शोषणको अन्त्य गर्ने उद्देश्यले विरोध प्रदर्शनी गरेको उहाँले बताउनुभयो।

नेपाल सरकारले बनाएको नीति नियमको पनि पालन नभएको उहाँले दाबी गर्नुभएको छ। लघुवित्त वित्तीय संस्थाले गरेको शोषणको अन्त्य हुन नसकेसम्म देशका मानिसहरु सधैं गरिब हुने उहाँले बताउनुभयो। जनताको प्रतिनिधिले बनाएको संविधानमा लेखिएका कुराहरुको पालना गराउनुपर्नेमा उहाँले जोड दिनुभयो। जनताले ल्याएको संविधानलाई बहिस्कार गरिरहेको र राष्ट्र बैंकले स्थापना गरेको निर्देशिकामार्फत् गरिब जनतालाई लुट्ने कार्य भइरहेकाले यसको अन्त्य गर्नुपर्ने उहाँले बताउनुभयो।

यस्तै, विरोध प्रदर्शनीमा लघुवित्त वित्तीय संस्थाविरुद्ध ३५ सदस्यीय संघर्ष समिति पनि गठन गरिएको छ। अध्यक्षमा क्षेत्रबहादुर मोक्तान र सचिवमा सुधा पाठक चयन भएका छन्। सचिवालय सदस्यमा सूर्य राई, दीक्षा खत्री, दुलामी खड्का, दुर्गा मोक्तान, मिलन तामाङ, शिवकान्त चौधरी र खीना लामा चयन भएका छन्।

# सुनगाभा शिक्षा निकेतनको खेलकुद कार्यक्रम सुरु




*खेलकुद कार्यक्रममा रमाउँदै विद्यार्थी।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६, चौघडास्थित सुनगाभा शिक्षा निकेतनमा खेलकुद कार्यक्रम सुरु भएको छ। मंगलबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामहरी न्यौपानेले खेलकुद कार्यक्रमको उद्घाटन गर्नुभयो।

बिहिबारसम्म चल्ने खेलकुद कार्यक्रममा ब्याड्मिन्टन, भलिबल र एथ्लेटिक्सका खेलहरु सञ्चालन हुने विद्यालयका प्रिन्सिपल अरुण पराजुलीले बताउनुभयो। सबै कक्षा र तहका विद्यार्थीको सहभागिता रहने गरी खेलकुद कार्यक्रममा मनोरञ्जनात्मक, बौद्धिक एवम् शारीरिक विकासमा सहयोग पुग्ने किसिमका खेलकुद समावेश गरिएको छ। खेलकुदमा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ।

विद्यालयले शिक्षासँगै खेलकुदलाई पनि अगाडि बढाउने उद्देश्यले वार्षिक क्यालेण्डर अनुसार खेलकुद कार्यक्रम आयोजना गरिएको उहाँले बताउनुभयो। विद्यालयले हरेक वर्ष खेलकुद कार्यक्रमलाई शैक्षिक क्यालेण्डरमा नै समावेश गरेर सञ्चालन गर्दै आइरहेको उहाँले बताउनुभयो। नर्सरीदेखि १० कक्षासम्म अध्ययन अध्यापन हुने विद्यालयमा ६ सय ६५ जना विद्यार्थी अध्ययनरत छन्।

# देवकी माविका विद्यार्थीलाई न्यानो कपडा




*विद्यार्थीले पाएको न्यानोकपडा लगाएपछि खिचिएको तस्वीर।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-५ स्थित देवकी माविमा अध्ययनरत ६० जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको छ। सोमबार हेटौंडाका तीन जना व्यवसायी तथा समाजसेवीले विद्यालयमा उपस्थित भएर ६० थान न्यानो कपडा वितरण गरेको हो।

हेटौंडा-५ का मनिष सुवेदी, हेटौंडा-७ का दीपराज आचार्य र हेटौंडा-११ का प्रवेश ढकालले संयुक्त रुपमा ६० थान कपडा र टोपी वितरण गर्नुभएको हो। विद्यालयमा अझै न्यानो कपडा लगाउनसमेत कठिनाई भएका १ सय जनाभन्दा बढी विद्यार्थी रहेको विद्यालयका प्रधानाध्यापक चन्द्र थापाले बताउनुभयो। सहयोग गर्न चाहने दाताहरुले सहयोग गर्न सकिने पनि उहाँले बताउनुभएको छ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ